nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष : १०, अंक : ३६३ पृष्ठ ४ । शुक्रबार,३० साउन २०८२ । FRIDAY, AUGUST 15, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## बाराका ५ पालिकामा डीप बोरिङ जडान घरघरमा खानेपानी आपूर्ति सुरु

**नेपाल पोष्ट संवदाता**

*बारा,२९ साउन ।*



खानेपानीको संकट झेलिरहेका बारा जिल्ला पाँच वटा पालिकामा समस्या ममाधान गर्न खानेपानी मन्त्री प्रदीप यादवले निर्देशन दिएपछि ती पालिकामा डीप बोरिङ जडानको काम सुरु गरिएको छ । भू-सतहको पानी सुक्दा चापाकलहरू काम नलागेपछि पचरौता नगरपालिका, फेटा गाउँपालिका, बिश्रामपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र परवानीपुर गाउँपालिकाका स्थानीयवासीले खानेपानीको अभाव झेल्ददै आएपछि त्यसैलाई मध्यनजर गर्दै मन्त्री यादवले त्यहाँ तत्काल डीप बोरिङ जडान गर्न निर्देशन दिएका थिए । मन्त्री यादवका स्वकीय सचिव हरिन्द्र साहका अनुसार, जडान भएका डीप बोरिङहरूबाट पाइपलाइन वितर गरेर घरघरमा पानीको आपूर्ति समेत सुरु भइसकेको छ । प्रत्येक बोरिङबाट कम्तीमा ५० घरपरिवारलाई स्वच्छ खानेपानी उपलब्ध गराइएको छ । डीप बोरिङ जडानसँगै दुई हजार लिटर क्षमताको खानेपानी ट्यांकीपनि स्थापना गर्ने योजना रहेको भन्दै साहले त्यसले पानीको भण्डारण र वितरणमा अझ सहजता ल्याउने अपेक्षा गरिएको बताए । सचिव साहका अनुसार, मन्त्री यादवको कार्यकालमा हालसम्म ती पाँच पालिकाका विभिन्न वडामा हालसम्म ५० भन्दा बढी डीप बोरिङ जडान भइसकेका छन् । अन्य पालिकामा पनि पानीको समस्या देखिए त्यसको समाधानका लागि खानेपानी मन्त्रालय तत्पर रहने उनले बताए । 'जनताको आधारभूत आवश्यकता पूरा गर्नु मन्त्रीज्यूको प्राथमिकता हो । खानेपानीको समस्या समाधानका लागि उहाँ निरन्तर प्रयासरत रहनुभएको छ,' साहले भने ।

## बीरगन्जको दीपसन एण्ड सानवी ज्वेलर्समा प्रहरीको छापा

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,२९ साउन ।*

पर्सा प्रहरीले बीरगन्ज महानगरपालिका-६, माईस्थानस्थित गहवामाई मन्दिर नजिक रहेको दीपसन एण्ड सानवी ज्वेलर्समा बिहीबार दिउँसो छापा मारेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट आएको टोलीले बिल-बिजकबिना सुनचाँदी कारोबार भइरहेको सूचनाका आधारमा यो कारबाही गरेको हो । प्रहरी नायब उपरीक्षक (डीएसपी) किशोर लम्सालको नेतृत्वमा गएको टोली करिब २:३० बजे पसलमा पुगेको थियो । सो क्रममा वीरगन्जका सुनचाँदी व्यवसायी र कालीगढहरूले प्रहरीको कार्यविधिको विरोध गर्दै नाराबाजी गरेका थिए । पसल सञ्चालक दीपक सर्राफसँग करिब तीन घण्टा बिल-बिजक सम्बन्धी कागजात मागेर प्रहरीले अनुसन्धान गर्‍यो । प्रहरीका अनुसार खरिद




गरिएको सुनको मात्रा बिक्रीभन्दा बढी देखिएको भए पनि सोही अनुपातमा पसलमा मौज्दात नभेटिएकोले थप छानबिनका लागि आन्तरिक राजश्व कार्यालयलाई जिम्मा लगाइएको हो । डीएसपी लम्सालले भने, "खरिद र मौज्दातको हिसाब मेल नखाएपछि आवश्यक कारबाहीका लागि सम्बन्धित निकायलाई फाइल बुझाइएको हो ।" तर, पर्सा सुनचाँदी व्यवसायी संघका अध्यक्ष भुलन सर्राफले प्रहरीको यो कदमलाई गैरकानुनी भनेका छन् । उनले भने, "बिल-भौचर छानबिन गर्ने अधिकार राजश्व कार्यालयको हो । प्रहरीले आफ्नो क्षेत्राधिकार बाहिर गएर छापा मारेको छ । यदि सूचना पाएको

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सा जिल्ला कारागारमा चिकित्सक अभाव स्वास्थ्य सेवा "हेल्थ असिस्टेन्ट"मै निर्भर

*बीरगन्ज,२९ साउन ।*



पर्सा जिल्ला कारागारमा वर्षौंदेखि चिकित्सकको दरबन्दी खाली छ, जसका कारण कैदी-बन्दीको स्वास्थ्य उपचार 'हेल्थ असिस्टेन्ट'को भरमा मात्र चलिरहेको छ ।कारागारमा सातौं वा आठौं तहको एक जना मेडिकल अधिकृतको दरबन्दी तोकिएको भए पनि अहिलेसम्म नियुक्ति हुन सकेको छैन । हाल त्यहाँ एक जना 'हेल्थ असिस्टेन्ट'ले मात्र सामान्य स्वास्थ्य सेवा दिँदै आएका छन् । गत मंगलबार बीरगन्ज महानगरपालिका-२५ का कैदी राहुल साह तुरहाको व्यायाम गर्ने क्रममा स्वास्थ्य बिग्रिएर उपचारका लागि नारायणी अस्पताल पुर्याइएको थियो । तर, उपचारकै क्रममा उनको मृत्यु भएपछि कारागारमा नियमित स्वास्थ्य परीक्षण र चिकित्सकको आवश्यकता पुनः चर्को रूपमा उठेको हो । जिल्ला कारागार प्रमुख खिमराज भुसालका अनुसार, कारागार व्यवस्थापन विभागलाई दरबन्दीअनुसार मेडिकल अधिकृतको व्यवस्था गर्न पत्राचार गरिसकिएको छ । हाल बीरगन्ज कारागारमा १,३१० जना कैदी-थुनुवा छन्, जसमा ५ जना महिला कैदी, ४२ जना महिला थुनुवा र २ जना आश्रित बालिका रहेका छन् । विदेशी कैदी-थुनुवाको संख्या १९९ छ । कारागार ऐन, २०७९ अनुसार ५०० जनाभन्दा बढी बन्दी हुने कारागारमा तोकिएको श्ययासहितको अस्पताल अनिवार्य हुनुपर्ने प्रावधान छ । तर, पर्सा कारागारमा उक्त व्यवस्था अझै कार्यान्वयनमा आउन सकेको छैन ।

## निजी विद्यालयहरु संकटमा: प्रस्तावित शिक्षा ऐनले निजी शिक्षाको अस्तित्व नै संकटमा पार्ने खतरा

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,२९ साउन ।*

देशको समग्र शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको निजी क्षेत्र अहिले गम्भीर संकटको सामना गरिरहेको छ । संघीय संसदमा अन्तिम चरणमा पुगेको नयाँ शिक्षा ऐनको मस्यौदा ले निजी विद्यालयहरूलाई "गैर-नाफामूलक" बनाउने प्रावधानसहित पूर्ण छात्रवृत्तिको व्यवस्था लागू गर्ने प्रस्ताव गरेपछि, निजी शिक्षामा लगानी गर्ने सरोकारवालाहरू आक्रोशित र चिन्तित छन् । शिक्षा क्षेत्रमा चार दशकभन्दा लामो योगदान दिँदै आएका निजी क्षेत्रले देशको समृद्धि, रोजगारी, उद्यमशीलता र प्रतिस्पर्धात्मक जनशक्ति निर्माणमा उल्लेखनीय भूमिका खेलेको छ । तर हरेक पटक सरकार फेरिँदा शिक्षा नीतिमा आउने अस्थिरता, कानुनी अन्योल र पूर्वाग्रही सोचका कारण निजी क्षेत्र दबाबमा पर्दै आएको निजी विद्यालय संचालकहरूको गुनासो छ ।



सरोकारवालाहरूले सार्वजनिक रूपमा सरकार र संघीय संसदका सम्बन्धित निकायहरूलाई तीन प्रमुख विषयमा स्पष्ट परिवर्तनको माग गरेका छन: विद्यालय कम्पनी ऐनअन्तर्गत दर्ता भई वैधानिकरूपमा सञ्चालनमा छन् । सन् २०५८ सालमा नै सरकारले निजी शैक्षिक संस्थाहरूलाई कम्पनी, सहकारी वा गुठीका रूपमा सञ्चालन गर्न कानुनी अनुमति दिएको हो । त्यसैले अब आएर विद्यालयहरूलाई "गैर-नाफामूलक संस्था" बनाउने प्रावधान ल्याउनु विगतका कानुनी व्यवस्था र वर्तमान संविधानकै मर्म विपरीत छ । हाल प्रचलनमा रहेको जस्तै, प्रत्येक विद्यालयले आफ्नो कुल विद्यार्थी संख्याको १०% सम्मलाई छात्रवृत्ति दिइरहेका छन् । शिक्षाको गुणस्तर, पहुँच र समावेशीता अभिवृद्धिका लागि यसलाई नै निरन्तरता दिनु व्यावहारिक र न्यायोचित विकल्प हो । तर पूर्ण छात्रवृत्ति अनिवार्य बनाउने प्रावधान निजी विद्यालयहरूको आर्थिक

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा १९१ बोरा सरकारी मल घरमा लुकाएर राखिएको अवस्थामा बरामद

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,२९ साउन ।*

पर्साको सखुवा प्रसौनी गाउँपालिका-२ कटेया गाउँमा दुई घरमा लुकाएर राखिएको १९१ बोरा सरकारी अनुदानको रासायनिक मल प्रहरीले मध्यरातमा छापा मारेर बरामद गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको निर्देशनमा खटिएको साल्ट ट्रेडिङ, कृषि सामग्री कम्पनी, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरीको संयुक्त टोलीले बुधबार राति साह महमद अन्सारी र युनुस अन्सारीका घरमा छापा मारेको हो । साह महमद अन्सारीको घरबाट डीएपी ९ बोरा, पोटास १८ बोरा र फस्फोट ११४ बोरा बरामद भएको छ । त्यसैगरी युनुस अन्सारीको घरबाट डीएपी २७ बोरा र पोटास २३ बोरा भेटिएको प्रमुख जिल्ला अधिकारी अर्यालले जानकारी दिए । बरामद सबै मल जिल्ला प्रहरी कार्यालय पर्सामा राखिएको छ । दुवै घरका मालिक फरार रहेका र उनीहरूको खोजी भइरहेको प्रहरी उपरीक्षक गौतम मिश्रले बताए । हाल पर्सामा धानबालीका लागि मलको चरम अभाव छ । किसानलाई वितरणका लागि पठाइएको सरकारी अनुदानको मल पनि ढिलासुस्ती र अनियमितताका कारण खेतसम्म पुग्न सकेको छैन । कालोबजारीको

बाँकी तेश्रो पृष्ठमा⇨

## बारामा करेन्ट लागेर वृद्धको मृत्यु

*बीरगन्ज,२९ साउन ।*

बाराको पचरौता नगरपालिका-७ बेनौलीमा बुधबार करेन्ट लागेर एक वृद्धको ज्यान गएको छ । मृतक ६० वर्षीय गुलाब राय यादव रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।यादव आफ्नै धान खेतमा काम गरिरहेका बेला करेन्ट लागेको हो । स्थानीय संजय पटेल र जिमदार मुखियाले खेतमा पानी तान्नका लागि विद्युत् तार जडान गर्ने क्रममा यादव नाङ्गो तारको सम्पर्कमा आएका थिए । करेन्ट लागेर गम्भीर घाइते भएका यादवलाई तत्काल

बाँकी तेश्रो पृष्ठमा⇨

## नेतृत्वविहीन ठाकुरराम बहुमुखी क्याम्पसमा विद्यार्थी संगठनको तालाबन्दी

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,२९ साउन ।*

मधेसको पुरानो तथा प्रतिष्ठित शैक्षिक संस्था ठाकुरराम बहुमुखी क्याम्पस ३५ दिनदेखि नेतृत्वविहीन अवस्थामा सञ्चालन भइरहेको छ । क्याम्पस प्रमुख रणजित कुमार यादव विगत ३५ दिनदेखि अनुपस्थित छन् ।यद्यपि यादवले केही कर्मचारी र विद्यार्थीहरूलाई राजीनामा दिएको जानकारी दिएका थिए, त्रिभुवन विश्वविद्यालय स्रोतका अनुसार उक्त राजीनामा अहिलेसम्म स्वीकृत भएको छैन । न त नयाँ प्रमुख तोकिएको छ न त निमित्त प्रमुख नै नियुक्त गरिएको छ । यस क्रममा क्याम्पसमा




बीआइटी र बिएस्सी सीएसआईटी पाठ्यक्रमअन्तर्गत परीक्षा सञ्चालन भइरहे पनि प्रमुखको अनुपस्थितिले व्यवस्थापनमा अव्यवस्था सिर्जना गरेको छ। हाल बीआइटी विभाग प्रमुख सञ्जय दास सहायक केन्द्राध्यक्षको जिम्मेवारी सम्हालेर परीक्षा सञ्चालन गरिरहेका छन् । विद्यार्थी, शिक्षक र कर्मचारीहरूले नेतृत्व चयनमा राजनीतिक भागबण्डाका कारण प्रभावकारी नेतृत्व नआएको भन्दै

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### संसद् गिज्याउने गणपूरक

संसदमा पछिल्लो समय दोहोरिरहेको एउटा दृश्य हो- गणपूरक संख्या माग गर्ने र गन्दा नपुगेर बैठक नै स्थगित गरेर घर जाने । कहिलेकाहीँ यस्तो हुन पुग्यो भने विशेष कारण मान्न सकिन्थ्यो । तर एकपछि अर्को संसद्का एजेन्डा सांसदको अनुपस्थितिले प्रभावित हुने क्रम बढेको छ। बुधबार प्रतिनिधि सभाबाट सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयक अगाडि बढाउने कार्यसूची थियो । सभामुख देवराज घिमिरेले 'विधेयकमाथि विचार गरियोस्' भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा ६६ जना मात्रै उपस्थित रहेको थाहा लाग्यो । विधेयक अगाडि बढाउन कम्तीमा ६९ सांसद आवश्यक पर्थ्यो । गणपूरक संख्या नपुगेपछि विधेयक अघि बढ्न सकेन । यदि बुधबार विधेयक अगाडि बढेको भए सांसदहरूले संशोधन प्रस्ताव राख्ने ७२ घण्टे डेटलाइन सुरु हुन्थ्यो । आवश्यक गणपूरक संख्या नपुग्दा संसद्को कार्यसूची प्रभावित हुन पुग्यो । प्रतिनिधि सभा २ सय ७५ सदस्यीय छ । संविधानको धारा ९४ ले संसद्मा कुनै पनि प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन कम्तीमा एक चौथाइ सांसद अनिवार्य हुने प्रावधान राखिदिएको छ । यो भनेको ६९ जना संसद् संख्या हो । तर एक चौथाइ सांसद् पनि संसदमा नभेटिनु विडम्बना हो । बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभालाई सम्बोधनसमेत गरेका थिए। प्रधानमन्त्रीले सम्बोधन गरेको दिनसमेत संसदमा सांसद जाँदैनन् भने कुन दिन जान्छन् होला ? यसले गम्भीर प्रश्न खडा गरेको छ । संसद्मा प्रधानमन्त्रीले दुई तिहाइ सांसद होल्ड गरेर बसेका छन् । अघिल्लो वर्ष विश्वासको मत लिँदा १ सय ८८ मत पाएका थिए । उनै प्रधानमन्त्रीले सरकारको कामको उपलब्धि सुनाइरहँदा सभामा जम्मा ६६ जना थिए । यस विषयमा प्रधानमन्त्री स्वयं गम्भीर हुन जरुरी छ । किनभने आफूलाई विश्वासको मत दिएकाले समेत सरकारको उपलब्धि सुन्दैन भने कसले सुन्छ ?सांसदको मुख्य काम कानुन निर्माण गर्ने हो । सरकारले गरेका कामकारबाहीमा निगरानी गर्ने र गलत हुन लागे खबरदारी गर्ने हो । जनताका कुरा सदनमा उठाएर सरकारलाई सुनाउने र सम्बोधनका लागि पहल लिने हो ।

किसानले मल पाइरहेका छैनन् । मधेशमा पानी नपर्दा रोपाइँ हुनमा ढिलाइ भएको छ । चाडपर्वको समय सुरु भएसँगै कालोबजारी सलबलाएका छन् । कारागार र बाल सुधार गृहमा झडपका घटना भइरहेका छन् । बेरोजगारी बढ्दो छ । मुलुकमा रहेका यी यावत् समस्याबारे घोत्लिन छाडेर सांसद्हरू कता व्यस्त छन् ? यसको जवाफ चाहिन्छ ।

# बहुविवाह प्रथालाई पुनर्जीवित नगरौं

**सुशीला शर्मा**



सम्बन्ध मानिसले बनाउँदै जाने हो । सम्बन्ध बनाउँदा त्यहाँ सहकार्य हुन्छ, सहकार्यमा छलफल, कुराकानी र साझेदारी अनि जिम्मेवारी हुन्छ । यी सब निभाउन दृढ अठोट चाहिन्छ । यसमा मतविभाजन हुन थाले, एक पक्षले अर्को पक्षलाई दमन गर्न थाले, अन्याय, अत्याचार, शोषण, विभेद र हिंसा हुन थाले अनि विषाक्त हुन थाले भने त्यो सम्बन्ध सम्बन्ध रहँदैन- बरु कलह, बेमेल र झैझगडा हुन्छ । सम्बन्ध व्यक्ति-व्यक्तिबीच र समूह-समूहबीच बन्ने अथवा भत्किने गर्छ । सम्बन्धमा समझदारी, प्रतिबद्धता, सम्मान, विश्वास र अन्तर्क्रिया अनिवार्य सर्त हुन् । सम्बन्ध कुनै वंशानुगत स्वास्थ्य समस्या जस्तो या विभिन्न हर्मोनल परिवर्तनले आफैं हुने 'प्रेम' जस्तो पनि होइन रहेछ कि ! अचेल नमिलेका सम्बन्ध छताछुल्ल रूपमा सामाजिक सञ्जालमा पोखिइरहेका छन् । सम्बन्धमा दुई पक्षको अन्तर्क्रिया भएर मिल्ने र नमिल्ने हुन जान्छ तर अलि शक्तिशालीले कमजोरलाई बढी दबाबमा राख्ने त भई नै हाल्यो । सम्बन्धहरू विचार नमिलेर मात्र तिक्ततामा परिवर्तन हुने होइनन् । धन, सम्पत्ति, पद, स्रोतसाधन, पुस्तैनी इगो तथा अत्यधिक आशाले पनि सम्बन्धमा उँचनिच हुन जान्छ । हालसालै नेपाल सरकारले पुरुषले दोस्रो विवाह गर्न बाटो खुल्ने खालको कानुनको मस्यौदा ल्याउन लागेको कुरा व्यापक भयो । यस मस्यौदाले पुरुषको घरको श्रीमतीसँग कुरा नमिलेर खटपट भई बाहिरको महिलासँग हिमचिम भएर बच्चा जन्मिए ती बाहिरको महिलाको हरिबिजोग भएको पाइएकाले दोस्रो विवाह गर्न पाउनुपर्छ भन्ने आशयको वक्तव्य पनि आएको थियो । सम्बन्धमा पनि महिलालाई अड्को थापेर बहुविवाहको मोजमस्तीचाहिँ पुरुषले उठाउन पाउनुपर्ने कताकताको भित्री आशय पनि यस मन्तव्यमा देखिन्थ्यो । यहाँ पनि सम्बन्धकै कुरो आयो । यदि घरमा भएकी श्रीमतीसँग कुरो नमिल्ने, सम्बन्ध चिसिने, बनाउन खोज्दा पनि नबन्ने, मत नै नमिल्ने, एक ठाउँमा बस्नै नसक्ने अवस्था आइसकेको हो भने त कानुनी पारपाचुकेको बाटो छँदै छ नि, बहुविवाह किन थोपर्नुपर्‍यो र ? विशेष अवस्था भनेको वैवाहिक जोडीका लागि आइन्दा एक ठाउँमा बसेर जीवन गुजारा हुन सक्दैन र आ-आफ्नो बाटो गरेर जाने पनि हुन सक्छ नि ! कहिले विवाहको उमेर घटाउने त कहिले बहुविवाहलाई स्वीकृति दिने कानुनी मस्यौदा ल्याउनेजस्ता कार्यले फेरि पनि महिला र पुरुषको सम्बन्धमा 'यौन' र 'प्रजनन' मात्र एक विषय भएको जस्तो भान हुन्छ । यस मस्यौदाको विषयमा पनि विभिन्न मत आइरहेका छन्, धेरै त सरसल्लाह र पाल्न सक्नेले १० वटी पनि ल्याउन सक्छन् भन्ने पो छन् त ! महिलाहरू बहुश्रीमती बन्न जाने या पालिन पर्ने मात्रै हुन् त ? महिलाहरू नै विशेष गरेर संवेदनशील हुनुपर्ने देखिन्छ यस्ता मतमा । केही पुरुषको सोचाइमा कानुनले पुरुषमाथि अन्याय गरेको छ, यो बहुविवाहसम्बन्धी कानुनले अलिकति भए पनि राहत दिन सक्छ भन्ने पनि धारणा रहेछ । शताब्दीऔंदेखिको महिलामाथिको एकपक्षीय दबदबा थियो र अझै कतिपय अवस्थामा निरन्तर नै छ भन्ने कुरा नै पुरुषहरूले बुझ्नै बाँकी छ । सामाजिक सञ्जालहरूमा आफूलाई राष्ट्रवादी र धार्मिक भन्ने अगुवाहरू नै पनि नारी र पुरुषको सम्बन्ध भनेको पुरुष दिने र महिला लिने अनि पुरुष शक्तिशाली र महिला कमजोर भन्नेमै अल्झिरहेका छन् । उनीहरूलाई महिलाहरू अगाडि बढेको, बराबरी रूपमा आफ्ना सीप र क्षमताले गरिखाएको, पुरुषसँगसँगै वार्तालाप गरेको, अन्यायको विरोध गरेको विषय नै मन परिरहेको छैन । अझ कतिपय पुरुष त महिलालाई कोमल, हेरचाह गर्ने, जगेर्ना गर्ने, ममत्व प्रदर्शन गर्ने, गुणी हुने, संस्कार, शृंगार लय मिलाएर गर्ने, त्याग र समर्पणको प्रतिमूर्तिकै रूपमा हेर्न चाहन्छन् । २१औं शताब्दीमा यस्ता कल्पना गर्ने पुरुषको जमातले पक्कै पनि महिलाका विषयलाई विषय नै ठान्दैन र समयसँगै महिलाका विभिन्न आन्दोलनले प्राप्त उपलब्धिलाई अपनाउनै नसकेर महिलामाथि नानाभाँती गालीगलौज र गुनासोमा उत्रिन पनि बेर लगाउँदैन । महिला मुखरित हुनु भनेको केही पितृसत्तात्मक सोच भएका जमातलाई लाग्छ कि समाज भाँडिइरहेको छ । महिला र पुरुषबीच समानता हुनु सार्वभौम मान्यता हो । खराब मान्छे त पुरुष र महिला दुवै हुन सक्छन् । तर महिला भएकैले यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भन्दै केही आफूलाई ज्ञानी मान्ने मान्छेले पुराण छाँटिरहेका पाइन्छन् ।

सम्बन्ध र विवाह भन्ने कुरा एकअर्काका पर्यायजस्तै हुन् । विवाह एक सामाजिक पहिचान पाएको पारिवारिक संस्था हो । जसलाई कानुनी र सांस्कृतिक मान्यता प्राप्त हुन्छ । विवाहमा जोडिनु केवल महिला र पुरुषलाई यौनको स्वीकृति दिनुमात्र होइन कि विवाहसँगसँगै परिवार-परिवारबीचको सम्बन्ध र जिम्मेवारी पनि थपिएका हुन्छन् । त्यसैले पनि विवाह समझदारीपूर्वक, निर्णय गर्न सक्ने क्षमता भएको उमेरमा मात्रै गर्नुपर्ने हुन्छ । विवाह महिला र पुरुषले जिन्दगीभर सँगसँगै जीवन बिताउने, सन्तान जन्माउने, हुर्काउने, सुखदुःख बाँड्ने कार्यको प्रतिबद्धता पनि हो । विवाह गरिसकेपछि जीवनसाथीप्रति बफादार र विश्वासिलो हुनु पनि विवाहका नियमभित्रै पर्ने कुरा हुन् । यसैले एकै पटकमा धेरै जनासँग एक व्यक्तिले विवाह गर्न सक्दैन । संयुक्त रूपमा सम्पत्ति तथा आयआर्जन पनि विवाहको महत्त्वपूर्ण पाटो हो ।बाल विवाह, मागी विवाह, भागी विवाह, अनमेल विवाहजस्ता प्रथाले गर्दा मानिसका वैवाहिक जीवनमा धेरै नै अप्ठ्यारो आएको पनि हामीले देखेभोगेकै कुरा हुन् । एकअर्कालाई बुझेर परिपक्व र प्रतिबद्ध भएर मात्र विवाहको निर्णयमा पुग्नुपर्छ भन्ने पाठ विवाहभित्रका नमिठा र हिंसात्मक घटनाले पढाउँछन् । रहँदाबस्दा विवाहका नियममा दुईमध्ये कोही एक या दुवै जना समाहित हुन सकेनन्, वैवाहिक सम्बन्ध तिक्तता र विषाक्ततातिर उन्मुख भएमा त पारपाचुकेका नियम छँदै छ नि ! आदिम समाजमा मानिसको जीवन आजको जस्तो जटिल थिएन । उनीहरूको स्थायी घर थिएन । गुफाजस्ता ठाउँमा ओतिएर उनीहरू बस्थे । स-साना समूह या झुन्डमा मानिसहरू बस्थे । मानिसको आपसी सहकार्य भने आदिमकालदेखिकै देन

बाँकी तेश्रो पृष्ठमा

# विधायन निर्माणमा स्वार्थ समूह

**काशीराज दाहाल**

समाजमा निहित स्वार्थका मानिस र विभिन्न स्वार्थ समूह हुन्छन् । उनीहरूले आफ्नो चाहना, स्वार्थ र लाभ पूरा गराउने निकटस्थान (भेनु सपिङ) रोजी आफ्नो अनुकूल निर्णय गराउन खोज्छन् । स्वार्थ समूहले निर्णय गराउन सरकारबाट सहज हुने भए कार्यपालिका रोज्ने, कार्यपालिका आफ्नो अनुकूल नदेखेमा विधायिकामार्फत कानुनमा नै स्वार्थ पूरा गराउन दबाब दिन पुग्छन् । यस्तै न्यायपालिकाबाट निर्णय गराउन सहज हुने देखेमा निकटस्थानको रूपमा न्यायालयलाई प्रयोग गर्छन् । यसरी निहित स्वार्थ भएका समूह आफ्नो अनुकूल निर्णय गराउन जहाँ सजिलो हुन्छ, त्यस्तै ठाउँ खोजिरहेका हुन्छन् । स्वार्थ समूह निर्वाचनमा उम्मेदवार आफैं हुने वा आफ्नो स्वार्थ पूरा गराउन राजनीतिक दललाई प्रभाव पारी आफ्नो अनुकूलको उम्मेदवार बनाउने र जिताउने, सरकार बनाउनमा चलखेल गर्ने, न्यायालयलाई आफ्नो प्रभावमा राख्य न्यायाधीश नियुक्ति गर्दादेखि नै प्रभाव पार्न प्रयत्न गर्छन् । यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार दुरुपयोगमा आफ्नो स्वार्थको विषयमा कारबाही नगरोस् भन्नका खातिर पदाधिकारी नियुक्तिमै प्रभाव पारिरहेका हुन्छन् । संविधान मूल कानुन भएकाले संविधान लेखनमा नै राजनीतिक स्वार्थ समूहले आफ्नो स्वार्थ सुरक्षित राख्न सोहीअनुरूपको प्रावधान राख्छन् । यस्तै संवैधानिक निकाय वा अन्य सार्वजनिक पदमा नियुक्ति हुन चाहनेले आफू अनुकूलको योग्यतामा जोड दिन्छन् । यसरी निहित स्वार्थबाट बन्ने संविधानले आमनागरिकका चाहनालाई सम्बोधन गर्न सक्दैन । संविधानका अन्तरवस्तुले सबैका हकअधिकारलाई जोड्न सक्नुपर्छ । यसो भएमा नै आमनागरिकको संविधानमा अपनत्व र स्विकारोक्ति रहन्छ । निहित स्वार्थमा बन्ने संविधान र कानुनले बलियो विधिको शासन र सुशासन दिन सक्तैन । यसैगरी विधायिकाले बनाउने कानुनमा कुनै न कुनै किसिमले स्वार्थ समूह विधायन निर्माणको प्रारम्भिक मस्यौदादेखि प्रमाणीकरणको चरणसम्म सक्रिय भइरहेका हुन्छन् । यसरी निहित स्वार्थ र दबाबको प्रभावमा बनेका कानुनले आमजनताको हित र कल्याण गर्न सक्तैनन् । **कानुनको उद्देश्य र स्वार्थको द्वन्द्व** कानुन समाज सञ्चालन गर्ने महत्त्वपूर्ण साधन हो । कानुन बाध्यकारी शक्ति भएको सिद्धान्तको संग्रहित प्रणाली हो । जसको उद्देश्य समाजमा शान्ति सुरक्षा र न्यायको सुनिश्चितता गर्नुका साथै नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सामाजिक कल्याण गर्नु रहेको हुन्छ । कानुन बलवान् शक्ति हो, जो सबैमा समान रूपमा लागू हुने र समान प्रयोग हुने असल कानुनको स्वभाव हो । कानुनप्रतिको सम्मान र पालनाका निम्ति त्यस्तो कानुन निहित स्वार्थ र स्वार्थ समूहको निजी लाभमा नभई उचित, तर्कोचित, न्यायोचित, राष्ट्र र जनताको बृहत्तर हितमा केन्द्रित भई निर्माण हुनुपर्छ । कानुन समाजमा लागू हुन त्यस्तो कानुनले आमनागरिकको आकांक्षालाई समेट्नुपर्छ । यस सन्दर्भमा विधिशास्त्री जोसेफ राजले जनताका चाहना र आकांक्षालाई संयोजन गर्ने शक्तिशाली औजार कानुन भएकाले त्यस्तो कानुन नै लागू हुन्छन् भनेका छन् । यसरी कानुनको सर्वोपरितालाई आन्तरिकीकरण गरी कानुनी राज्यको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्न व्यक्तिको निहित हित वा समूहको अनुचित स्वार्थमा कानुन बन्नु हुँदैन । आधुनिक समयमा कानुन बनाउने विधायक नै कुनै न कुनै स्वार्थ समूहको प्रभावमा परी त्यसको परिणाम खराब कानुन बन्न पुगेकाले त्यसलाई रोक्न 'स्वार्थगत द्वन्द्व' को विकास भएको छ । यस्ता स्वार्थगत कार्यलाई भ्रष्टाचारको व्यापक दायराभित्र राख्ने गरिन्छ । यसरी विधायन निर्माणमा स्वार्थगत द्वन्द्वको सिद्धान्त अवलम्बन गर्नुको मुख्य कारणमा सुशासनको सुनिश्चितता गर्न, राज्य शक्ति प्रयोग गर्नेहरूप्रति जनआस्था अभिवृद्धि गर्न, भ्रष्टाचारविरुद्धको महासन्धि पक्षधर राज्यले अन्तर्राष्ट्रिय दायित्व वहन गर्न र कानुन निर्माणको प्रक्रियाबाट स्वार्थ निहित भएको विषयमा त्यस्ता व्यक्तिलाई अलग बनाउनु (रेक्युजल) समेत रहेको छ । विश्वका विभिन्न लोकतान्त्रिक मुलुकले विधायन निर्माणमा स्वार्थगत द्वन्द्व हुनबाट रोक्न विधायकले आफ्नो र आफ्नो परिवारको सम्पत्ति सार्वजनिकीकरण गर्नुपर्ने, स्वार्थ निहित भएको विषयबाट आफूलाई अलग गराउन स्वयं घोषणा गर्नुपर्ने, दान, उपहार, आतिथ्यता सरकारको स्वीकृतिबेगर गर्न नहुने, विधायकको पदमा रहुन्जेलसम्म स्वार्थ बाझिने गरी अन्यत्र काम गर्न नहुने जस्ता व्यवस्था गरेको देखिन्छ । यस्तो व्यवस्था नेपालको सन्दर्भमा पनि लागू गरी त्यसको प्रभावकारी अनुगमन आवश्यक छ । **नेपालमा कानुन निर्माण** यहाँ रीति, थिति, परम्परा र धर्मशास्त्रद्वारा समाज सञ्चालन हुँदै आएको विगत छ । वि.सं. १९१० मा पहिलो संहिताबद्ध 'मुलुकी ऐन' जारी गरियो । यो कानुन जातजातिका आधारमा भेदभावपूर्ण र कतिपय व्यवस्थामा अवैज्ञानिक थिए । वि.सं. २००४ मा नेपाल

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## शान्तिका लागि रुसलाई दबाब दिन जेलेन्स्कीको आग्रह



काठमाडौं,२९ साउन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबीच आगामी शुक्रबार हुन लागेको भेटमा शान्तिका लागि रुसलाई दबाब दिनुपर्ने युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताएका छन् । जेलेन्स्कीले बुधबार वक्तव्य जारी गर्दै रुसलाई दबाब दिएर शान्तिका लागि बाध्य पार्नुपर्ने बताएका हुन् ।

'युक्रेन र हाम्रा साझेदार देशहरुले आफ्नो अनुभवलाई प्रयोग गर्नुपर्छ, जसले रुसको धोखाधडी रोक्न सकियोस्,' जेलेन्स्कीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'हालसम्म रुस युद्ध अन्त्य गर्न कुनै तयारी गरिरहेको संकेत देखिएको छैन ।' युक्रेन, अमेरिका, युरोप र अन्य देशहरु मिलेर काम गर्न सके रुसलाई शान्तिका लागि बाध्य पार्न सकिने पनि उनले उल्लेख गरेका छन् । यस्तै, युरोपेली नेता र राष्ट्रपति जेलेन्स्कीले अमेरिकी राष्ट्रपति ट्रम्पसँग शुक्रबार अनलाइन वार्ता गर्ने भएका छन् । वार्तामा किभको हितलाई सम्मान हुने गरी रुसलाई सहमत गराउन युरोपेली नेताहरुलाई ट्रम्पलाई आग्रह गर्नेछन् । ट्रम्प र पुटिनबीचको वार्तामा रुस-युक्रेन युद्ध अन्त्यबारे छलफल हुने जनाइएको छ । युक्रेनका राष्ट्रपति जेलेन्स्कीले पनि युद्धरत एक पक्षलाई नै अलग राखेर गरिने कुनै पनि वार्ताले मान्यता नपाउने टिप्पणी गरेका थिए ।

अलास्का वार्ता हुनुअगावै विवादमा पर्न सक्ने देखिएपछि अमेरिका यतिबेला उक्त वार्तामा जेलेन्स्कीलाई पनि सामेल गराउने प्रयासमा रहेको उपराष्ट्रपति जेडी भान्सले सोमबार बताएका थिए । किभको उपस्थितिका लागि युक्रेनका युरोपेली सहयोगीहरूले पनि निरन्तर दबाब दिइरहेका छन् । 'सबैभन्दा महत्त्वपूर्ण अवरोध भनेको पुटिनले युक्रेनका राष्ट्रपति जेलेन्स्कीसँग वार्तामा कहिल्यै नबस्ने बताएपछि देखिएको छ,' फक्स न्युजको कार्यक्रम 'सन्डे मर्निङ फ्युचर्स' लाई दिएको अन्तर्वार्तामा उपराष्ट्रपति भान्सले भने, 'राष्ट्रपति ट्रम्प, पुटिन र जेलेन्स्की बसेर यस द्वन्द्वको अन्त्यबारे छलफल गर्न सक्ने वातावरणको खोजीका लागि हाम्रो प्रयास रहनेछ ।'

## पाकिस्तानमा स्वतन्त्रता दिवसको उत्सवमा हवाई फायरिङले ३ को मृत्यु, ६४ घाइते



काठमाडौं,२९ साउन । पाकिस्तानको ७८औं स्वतन्त्रता दिवसको उत्सव देशका विभिन्न स्थानमा उल्लासपूर्वक मनाइए पनि कराँचीमा हवाई फायरिङका घटनाले त्यो उत्सव दुःखदमा परिणत भएको छ । आइतबार राति देखिएको अव्यवस्थित उत्सवका क्रममा तीन जनाको ज्यान गएको छ भने कम्तीमा ६४ जना घाइते भएका छन् । जियो न्यूजका अनुसार मृतकमध्ये एक वृद्धा र ८ वर्षीया बालिका पनि परेका छन् । अजिजाबादमा हवाई फायरिङबाट छर्राले लागेर बालिकाको मृत्यु भएको थियो भने कोरङ्गीमा स्टेफन नामका एक व्यक्तिको ज्यान गएको हो । उद्धारकर्मीहरूले कराँचीभर विभिन्न स्थानमा गोली चलाउँदा दर्जनौं व्यक्ति घाइते भएको पुष्टि गरेका छन् । लियाकताबाद, कोरङ्गी, लियारी, महमूदाबाद, अख्तर कालोनी, केमारी, ज्याक्सन, बल्दिया, ओरांगी टाउन, पापोश नगर, नर्थ नाजिमाबाद, सुरजनी टाउन, जमान टाउन र लान्धी लगायतका क्षेत्रमा हवाई फायरिङको रिपोर्ट आएको छ । घाइतेहरूलाई सिभिल, जिन्ना, अब्बासी शहीद अस्पताल लगायतका सरकारी तथा निजी स्वास्थ्य संस्थामा उपचारका लागि लगिएको छ । प्रहरीले मोमिनाबाद, लियाकताबाद, पापोश नगर, समनाबाद, ओरांगी टाउन र केमारीलगायत स्थानबाट २० भन्दा बढी व्यक्तिलाई पक्राउ गरेको छ । उनीहरूबाट गैरकानुनी हतियार र गोलीबारुद बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेकामाथि मुद्दा दर्ता भइसकेको छ ।

अधिकारीहरूले यसप्रकारको हवाई फायरिङलाई "लापरवाह र खतरनाक अभ्यास" भन्दै नागरिकलाई उत्सव सुरक्षित तरिकाले मनाउन आग्रह गरेका छन् । प्रहरी प्रवक्ताले हवाई फायरिङमा संलग्न जो कोहीलाई समेत कडा कारबाही गरिने चेतावनी दिएका छन् ।

## आसिम मुनिरपछि पाकिस्तानी प्रधानमन्त्रीले पनि दिए भारतलाई धम्की

काठमाडौं,२९ साउन । पाकिस्तानी सेनाका प्रमुख आसिम मुनिरले केही दिनअघि भारतमा परमाणु आक्रमणको धम्की दिएको केही दिनपछि पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले पनि धम्की दिएका छन् । पाकिस्तानको राजधानी इस्लामावादमा आयोजित एक समारोहमा उनले पानी बन्द गर्ने धम्की दिने भारतले पाकिस्तानबाट एक थोपा पनि पानी लिन नसक्ने चेतावनी दिएका हुन् । उनले भने, 'म दुश्मनलाई यो भन्न चाहन्छु कि तिमी हाम्रो पानी बन्द गर्ने धम्की दिन्छौ भने यो कुरा याद राख्नु कि पाकिस्तानको एक थोपा पानी पनि लिन सक्नेछैनौं ।' यस्तै उनले यस्ता धम्कीहरु फेरि आए राम्रो नहुने भारतलाई चेतावनी दिए । धम्कीपूर्ण भाषामा शरीफले भने, 'यदि यस्तो धम्की र व्यवहार फेरि देखायौ भने हामी फेरि तिमीलाई सबक सिकाउनेछौं कि तिमी आफ्नो कान आफैं पक्रिनेछौं ।' भारतले २३ अप्रिलमा जम्मू-कश्मिरको पहलगाममा आतंकवादीद्वारा नाम र धर्म सोधेर हिन्दू पर्यटकको हत्यापछि उक्त घटनाको डिजाइन पाकिस्तानले गरेको भन्दै सिन्धु जल सम्झौता रद्द गरेको छ ।

यसअघि मुनिरले भारतले पानी बन्द गरे परमाणु बम हानेर बाँध नै भत्काइदिने चेतावनी दिउका थिए । भारतले हाल कुनै प्रतिक्रिया दिएको छैन ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### बहुविवाह प्रथालाई पुन........

आजसम्म पनि निरन्तर छ । आदिम समाजमा विवाह भन्ने संस्था थिएन । आफ्नै समूहभित्रै महिला-पुरुषको सम्बन्ध हुन्थ्यो । बिस्तारै रक्त सम्बन्धभन्दा टाढा समूह बाहिरका मानिससँग सम्बन्ध बनाउन सुरु गरे । मानिस बोल्न सक्ने, कल्पना गर्न सक्ने भएकैले व्यावहारिक रूपमा सम्बन्ध बनाउँदै खोज गर्दै अगाडि बढिरहेको यथार्थ हो । कृषि युग सुरु भएपछि मानिसले खेतबारी र स्थायी बस्ती, सम्पत्ति, पशुपालन गर्ने कार्यको थालनीसँगै विवाहको पनि महत्त्व बढ्न थालेको हो । कृषि युगपछि नै विवाह परिवारबीचको आर्थिक-सामाजिक सम्झौतामा बदलिएको पाइन्छ । त्यसबेलादेखि नै दाइजो दौलतको विनिमय पनि सुरु भएको हो । विभिन्न धर्म परम्पराको विकासपश्चात् विवाहलाई एक बन्धनका रूपमा मानिन थालियो । साथसाथै विवाहसम्बन्धी उत्सव रिवाजको चलन सुरु भयो । नेपाललगायत एसियाली मुलुकमा मागी विवाह पद्धति कायम रहे । धार्मिक र जातीय रूपमा पनि विवाहको स्वीकृति र बन्देजका नियम बनाइए । साभार ईकान्तिपुर ।

### विधायन निर्माणमा स्वार्थ....

सरकार वैधानिक कानुन, २००४ संविधानका रूपमा जारी भए पनि लागू भएन । त्यो केवल जनताको आन्दोलनलाई रोक्ने उद्देश्यले आएको थियो । नेपालमा आधुनिक कानुनको निर्माण वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि नै भएको देखिन्छ । राजनीतिक अस्थिरताले गर्दा त्यसबेला बनेका कतिपय कानुन पनि प्रभावकारी हुन सकेनन् । वि.सं. २०१५ को संविधानअन्तर्गत केही महत्त्वपूर्ण कानुन निर्माण भएको देखिन्छ । पञ्चायतको ३० वर्षे शासनकालमा नयाँ मुलुकी ऐन, भूमि ऐनजस्ता केही कानुन बने, जसले समाज सुधार गर्न र भूमि सुधार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने मानवअधिकार र विचार अभिव्यक्ति स्वतन्त्रताको सम्बन्धमा नियन्त्रणमुखी कानुनी व्यवस्था निर्माण गरियो । यही कारण पनि जनमत पञ्चायती निर्दलीय शासन व्यवस्थाको विरोधमा रहिरह्यो । वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनपछि जारी भएको २०४७ सालको संविधानले केही उदार व्यवस्था गरेको भए पनि संकटकालको अवस्था र राजाको प्रत्यक्ष शासनको समयमा जारी भएका कानुन असंवैधानिक र मानवअधिकार एवं स्वतन्त्रता नियन्त्रणमुखी कानुनकै रूपमा देखा पर्न पुगे । संविधान उदार भए पनि व्यवहार अनुदार भएका कारण सशस्त्र विद्रोह र जनआन्दोलनको परिणामद्वारा २०४७ सालको संविधान नै समाप्त भयो । २०६२/६३ को जनआन्दोलनको परिणामस्वरूप जारी भएको अन्तरिम संविधान, संविधानसभाले बनाएको संविधान र त्यसबेलाका कानुन नागरिक अधिकार संरक्षणतर्फ नै केन्द्रित भए पनि राजनीतिक दलहरूमा राजनीतिक संस्कृतिको विकास नभएका कारण र सत्ताकेन्द्रित राजनीतिक सोचले गर्दा कानुन कार्यान्वयन पक्ष ज्यादै फितलो बनेको छ । साभार ईकान्तिपुर ।

### बीरगञ्जको दीपसन...........

थियो भने सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै कारबाही गर्नुपर्थ्यो ।"घटनापछि आन्तरिक राजश्व कार्यालयले अनुसन्धान सुरु गरेको छ भने प्रहरीले उक्त अनुसन्धानमा सहकार्य गरिरहेको जनाएको छ ।

### पर्सामा १९१ बोरा...............

बढ्दो गुनासोपछि प्रजिअ अर्यालले दुई दिनअघि मात्र सहकारी सञ्चालक, स्थानीय तहका उपप्रमुख र कृषि शाखा प्रमुखलाई बोलाएर वितरण प्रणाली पारदर्शी बनाउन निर्देशन दिएका थिए ।

त्यसकै अनुगमन क्रममा बुधबार राति कटेया गाउँका दुई घरमा छापा मारेर ठूलो परिमाणमा मल बरामद गरिएको हो ।

### निजी विद्यालयहरु संकट....

अस्तित्वमै प्रश्न उठाउने गरी आएको भन्दै तत्काल हटाउनुपर्ने माग गरिएको छ । विद्यालयहरूलाई शिक्षकको तलब, भाडा, पूर्वाधार मर्मत, पाठ्यपुस्तक, यातायात, पोशाकलगायत सञ्चालन खर्च टार्नै गाह्रो भैरहेका बेला, शिक्षण शुल्क, वार्षिक शुल्क र मासिक शुल्क जस्ता संरचनात्मक शुल्कहरू खारेज गर्नु अव्यावहारिक हुने निजी क्षेत्रको भनाइ छ । राज्यबाट कुनै आर्थिक सहयोग नपाउने शिक्षण संस्थाहरूलाई पूर्ण निःशुल्क सेवामा लैजानु गैर-यथार्थपरक रहेको उनीहरूको तर्क छ । निजी विद्यालय सञ्चालकहरूले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, शिक्षा मन्त्रालय, संसदका प्रमुख सचेतक, विभिन्न राजनीतिक दलका नेताहरू, र प्रधानमन्त्रीसम्मलाई सार्वजनिक अपिल गर्दै प्रस्तावित ऐनमा समावेश केही प्रावधानहरूलाई पुनरावलोकन गर्न माग गरेका छन् ।

### नेतृत्वविहीन ठाकुरराम......

गुनासो गरेका छन् । स्वतन्त्र विद्यार्थी युनियन, अनेरास्ववियु र नेविसंघका इकाई समितिहरूले संयुक्त विज्ञप्ति जारी गर्दै क्याम्पस प्रमुखको तत्काल नियुक्ति गर्न माग गरेका छन् । त्रिवि नयाँ प्रमुख नपठाएसम्म तालाबन्दी जारी रहने चेतावनी उनीहरूले दिएका छन् । क्याम्पस प्रमुखसँग सम्पर्क गर्न खोज्दा उनका मोबाइल सम्पर्कविहीन रहेको बताइएको छ ।

### नागरिक उन्मुक्ति पार्टी........

उपचारका लागि कबही लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । घटनास्थलमा प्रहरी चौकी पिपरपातीबाट प्रहरी सहायक निरीक्षक शेख नेक महम्मदको कमाण्डमा र इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट प्रहरी वरिष्ठ नायब निरीक्षक अर्जुनसिंह ठगुन्नाको नेतृत्वमा मुचुल्का टोली खटिएको जिल्ला प्रहरी कार्यालय बाराका तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।

# स्वास्थ्य

## महिनावारी हुने र सुक्ने समयमा किन परिवर्तन आउँदैछ ?



विगतमा किशोरावस्थामा पुगेपछि किशोरीमा महिनावारी सुरु हुन्थ्यो । तर अहिले यो उमेर घटेर ९-१० वर्षमा झरेको छ । अर्थात् उमेर नपुग्दै बालिकामा महिनावारी चक्र सुरु भएको छ । पछिल्लो समय महिनावारी हुने उमेर घट्नुका साथै रजोनिवृत्ति हुने उमेर पनि घटेको छ । धेरै महिलाको पहिलो महिनावारी उसको पारिवारिक पृष्ठभूमिको आधारमा पनि निर्धारण हुने गर्छ । आमा तथा हजुरआमाको पहिलो महिनावारी कुन उमेरमा भएको हो, त्यसको आधारमा पनि ती घरकी महिलाको महिनावारी मापन गर्न सकिन्छ, जुन आनुवंशिक कारणमध्येमा पर्ने स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. जागृति खनाल बताउँछिन् ।

'पछिल्लो समय महिनावारी हुने उमेर धेरैमा घट्दो छ, त्यसको एउटा कारण बदल्दो जीवनशैली हो । पहिलेका बालिका शारीरिक रुपमा सक्रिय हुन्थे, त्यसैले पनि उनीहरूको महिनावारी हुने अलि ढिलो हुने गर्थ्यो' डा. खनाल भन्छिन्, 'अहिले जीवनशैली एकदमै निष्क्रिय भएको छ । पछिल्लो समय मोटोपनको कारण पनि महिनावारीको समस्या बढ्दै गएको छ ।' अहिलेका बालबालिका पढाइ लगायत विभिन्न तनावमा पनि हुन्छन् । साथै थाइराइडको डिसअर्डर र जलवायु परिवर्तनले गर्दा पनि यस्तो समस्या देखिएको खनाल बताउँछिन् । नयाँ अनुसन्धानले संयुक्त राज्य अमेरिकामा किशोरीहरूमा कम उमेरमै महिनावारी सुरु हुन थालेको देखाएको छ । दूषित वायुलाई त्यसका लागि जिम्मेवार ठानिएको छ ।

**छिटो महिनावारी सुक्ने कारण**

४० वर्षमुनिका महिलामा महिनावारी सुक्नुलाई छिटो रजोनिवृत्ति भनिन्छ । रजोनिवृत्ति सामान्यतया ४५ देखि ५० वर्षको उमेरमा सुरु हुन्छ । तर कतिपय महिलामा चाँडै अर्थात् ४० देखि ४५ वा ४० भन्दा अघि पनि रजोनिवृत्ति सुरु हुन्छ । चाँडै रजोनिवृत्तिको कारण धेरै हुने डा. खनाल बताउँछिन् ।

'प्रकृतिले महिलालाई जन्मिने बित्तिकै निश्चित अण्डा दिएको हुन्छ । उमेर बढ्दै गएपछि महिनावारी चक्रपिच्छे अण्डा खर्चिंदै जान्छ र अण्डा सकिएपछि रजोनिवृत्ति हुन्छ । 'जस्तो १२ वर्षको उमेरभन्दा पहिले नै महिनावारी हुने महिलाहरूमा महिनावारी सुक्ने सम्भावना ४० देखि ४४ वर्षको उमेरबीच हुने गरेको पाइन्छ ।' यदि आमाको चाँडै रजोनिवृत्ति भयो भने छोरीलाई पनि चाँडै रजोनिवृत्ति हुन्छ । यस बाहेक त्यहाँ केही अटोइम्युन अवस्था वा अटो इम्युन सिनड्रोम छन्, जुन महिलामा बढी सामान्य हुन्छन् जसको कारणले गर्दा समयभन्दा पहिले नै महिनावारी रोकिने खनालले बताइन् ।

# गोदाममा हजारौं बोरा मल मौज्दात, किसानको खेतमा अभाव

*बीरगन्ज,२९ साउन ।*

पर्साका किसान युरिया मलको अभावमा हाहाकार मच्चाइरहेका बेला बीरगन्जका सरकारी गोदाममा हजारौं बोरा मल मौज्दात छ । तर, कागजी प्रक्रिया र ढिलासुस्तीका कारण खेतमा पुग्न नसकेपछि किसानको रोपेको धानै जोखिममा परेको छ । बुधबार बीरगन्ज-२० अपौनीका वृद्ध किसान विश्वम्भर सिंह युरिया मलको खोजीमा कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय पुगे । सहायक प्रबन्धक पुरुषोत्तम कुमार सिंहसँग "दुई-चार बोरा भए पनि" भनेर विन्ती गरे, तर जवाफ आयो - "गाँउकै कृषि सहकारी संस्थामा जानुस् ।" गाउँमा पुगेपछि डीलरले "मल आइसकेपछि दिन्छु" भन्दै फर्काइदिन्छन् । अपौनास्थित हरिओम कृषि सहकारीको कोटामा ९० बोरा मल पर्नु भए पनि अहिलेसम्म लिनै नआएको सहायक प्रबन्धक सिंहको भनाइ छ । उनका अनुसार मागको तुलनामा मल आपूर्ति नै कम छ, र आएको मल पनि सहकारीले समयमै नलिँदा किसान मर्कामा पर्छन् । सखुवा प्रसौनी-५ का किसान धुरेन्द्र साह पनि युरिया अभावकै पीडामा छन् । सरकारी मल नपाएर भारतबाट तस्करीमार्फत ल्याएको मल १,६०० रुपैयाँमा किन्नुपर्ने बाध्यता छ, त्यो पनि गुणस्तर कमजोर हुने गुनासो



उनी गर्छन् । कृषि सामग्री कम्पनी लिमिटेडको वीरगन्ज गोदाममा अहिले १२ हजार बोरा युरिया र १२ हजार बोरा डीएपी मल मौज्दात छ । साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा पनि पर्साका लागि ६,५०० बोरा युरिया राखिएको छ । तर, प्रदेश र पालिकास्तरका मल वितरण समितिले कोटा निर्धारणसहितको सिफारिस पत्र ढिलो पठाउने, सहकारी संस्थाले मल लिन ढिला गर्ने, र सरकारी कागजी प्रक्रिया लामो हुनेजस्ता कारणले वितरण सुरु हुन सकेको छैन । सिंहका अनुसार सम्भवत: आगामी आइतबारदेखि सहकारी संस्थामा वितरण सुरु हुनेछ । साल्ट ट्रेडिङका प्रमुख आमोज लामिछाने भन्छन् - "गोदाममा मल छ, तर लिन आउने सहकारी नै ढिला गर्छ । हामी आफैं फोन गरेर बोलाइरहेका छौं ।" कृषि ज्ञान केन्द्र पर्साका प्रमुख रामजीवन ठाकुरका अनुसार जिल्लामा यो वर्ष ५२,६४१ हेक्टरमा (९२%) धान रोपाइँ भइसकेको छ । तर, अहिले युरिया मल छर्ने 'गाँजा हाल्ने' समय सकिँदै छ । यसबेला मल नपाउँदा उत्पादनमा ठूलो ह्रास आउने चेतावनी उनले दिएका छन् । ठाकुरका अनुसार मुलुकभर वार्षिक आवश्यक ८ लाख मेट्रिक टन मलमध्ये केवल ३-३.५ लाख मेट्रिक टन मात्र आयात हुन्छ । पर्सामा त मागको आधा मात्र आपूर्ति भएको छ ।नेपाल किसान महासंघ पर्साका अध्यक्ष अरविन्द त्रिपाठीले सरकारी वितरण प्रणाली कृषकमैत्री नभएको दाबी गर्दै भने, "प्रक्रिया झन्झटिलो छ, ढिलासुस्ती हुन्छ, कोटा पनि अपुग । पालिकास्तरमा त वडाको कोटा निर्धारणमा राजनीतिकरण चल्छ, नजिकका सहकारीलाई मात्र मल थमाइन्छ ।"

# एसईईमा परीक्षा बोर्डको गल्तीले सयौं विद्यार्थीको भविष्य प्रभावित

*काठमाडौं,२९ साउन ।*

राष्ट्रिय परीक्षा बोर्डले गत महिना सार्वजनिक गरेको कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजामा गम्भीर त्रुटि भएको खुलासा भएको छ । नतिजामा चित्त नबुझेका २७ हजार ३१५ परीक्षार्थीले पुनर्योगका लागि आवेदन दिएपछि भएको छानबिनमा ठूलो संख्यामा अंक परिमार्जन गर्नुपर्ने अवस्था आएको हो । मंगलबारसम्म पुनर्योगको परिणाम अनुसार २७ हजार ८ जनाको नतिजा सार्वजनिक हुँदा ८६० जनाको ग्रेडमा परिवर्तन भएको छ । तीमध्ये २६७ जना अनुत्तीर्ण विद्यार्थी उत्तीर्ण भएका छन् । परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार अझै ३०७ जनाको पुनर्योगको नतिजा आउन बाँकी छ, जसपछि उत्तीर्ण हुनेको संख्या थप बढ्न सक्ने अनुमान छ । उनले उत्तरपुस्तिका परीक्षण, अंक पोस्टिङ, तथ्यांक इन्ट्री र मार्किङमा देखिएको लापरबाही नै त्रुटिको



कारण भएको बताए । चार लाख ३८ हजार ८९६ विद्यार्थीमध्ये ६१.८१ प्रतिशत अर्थात् २ लाख ७१ हजार २९९ जना मात्र उत्तीर्ण भएका थिए । एक लाख ६७ हजार ५९७ विद्यार्थी अनुत्तीर्ण भएका थिए । पुनर्योगका लागि प्रतिविषय ५०० रुपैयाँ शुल्क लाग्ने भएकाले सबै विद्यार्थीले आवेदन दिन नसकेको बोर्डले जनाएको छ । विद्यार्थीले पुनर्योगपछि पनि चित्त नबुझे उत्तरपुस्तिका हेर्न (१५०० रुपैयाँ) र विज्ञमार्फत पुन: परीक्षण गराउन (२००० रुपैयाँ) सक्ने व्यवस्था छ । **पूरक परीक्षा सुरु** यसैबीच, आजदेखि सुरु भएको पूरक परीक्षामा १ लाख ४२ हजार ८५३ विद्यार्थी सहभागी भएका छन् । देशभरका ४६९ परीक्षा केन्द्रमा सञ्चालन भइरहेको पूरक परीक्षा भदौ ६ गतेसम्म चल्नेछ । सबैभन्दा बढी परीक्षार्थी अनिवार्य गणितमा छन् १ लाख ७६ हजार १७० जना । त्यसपछि सामाजिक शिक्षा(१ लाख १६ हजार ५५, अंग्रेजी १ लाख १४ हजार ६६८, अनिवार्य विज्ञान तथा प्रविधि १ लाख ७ हजार ९१८ र नेपाली ७४ हजार ८५० मा विद्यार्थी सहभागी छन् ।

# बीरगन्ज युवा समाजद्वारा मन्दिरमा सरसफाइ सम्पन्न

*बीरगन्ज,२९ साउन ।*

श्रीकृष्ण जन्माष्टमी तथा भिमसेन जात्राको अवसरमा वीरगन्ज युवा समाजले बिर्तामाइ मन्दिर संरक्षण समिति र सामुदायिक प्रहरी बिर्ताको सहयोगमा वीरगन्ज-४ स्थित बिर्तामाइ र कृष्ण मन्दिर परिसरको सरसफाइ गरेको छ ।कार्यक्रम वीरगन्ज युवा समाजका अध्यक्ष संजीव थापाको अध्यक्षतामा सम्पन्न भएको थियो । प्रमुख अतिथिका रूपमा वडाअध्यक्ष तथा बिर्तामाइ मन्दिर समितिका अध्यक्ष जगत साह कानु उपस्थित थिए । कार्यक्रममा वडासदस्य जुलुम खडकी, वीरगन्ज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह, फोटो पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष पंकज श्रेष्ठ, लायन्स क्लबका समाजसेवी उमेश शर्मा र सुनिल



श्रेष्ठ, बिर्ता युवा क्लबका अध्यक्ष राज गुप्ता, सामुदायिक प्रहरी बिर्ताका अध्यक्ष माजिद मिया लगायतका समाजसेवी तथा संघसंस्थाका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।वडाअध्यक्ष कानुले वीरगन्ज युवा समाजले विगत १३ वर्षदेखि समाजसेवामा सक्रिय रहँदै आपतकालीन अवस्थामा अग्रस्थानमा रहेर समुदायको सेवा गर्दै आएकोमा धन्यवाद व्यक्त गरे । अध्यक्ष थापाले "परिवर्तनको लागि वीरगन्ज युवा समाज" भन्ने मुलमन्त्रअनुसार आगामी दिनमा पनि समाजको हितमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# भूमि आयोगको नाम "भूमाफिया आयोग" राख्नुस् : प्रभु साह

*काठमाडौं,२९ साउन ।*

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले भूमि आयोगलाई 'भूमाफिया आयोग' नामाकरण गर्नुपर्ने कटाक्ष गरेका छन् । उनले सरकारले ल्याएको भूमि विधेयक बिचौलिया र भूमाफियाको हितमा रहेको आरोप लगाउँदै संसदमा यस्तो टिप्पणी गरेका हुन् । बिहीबारको प्रतिनिधिसभा बैठकमा बोल्दै साहले संविधानमै व्यवस्था भएको भए पनि भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले अहिलेसम्म जग्गाको अधिकार नपाएको प्रश्न उठाए । उनले प्रधानमन्त्रीलाई सम्बोधन गर्दै भने, "संविधानमै भएको अधिकार तपाईं कार्यान्वयन गर्न नसक्ने हो भने स्पष्ट भन्नुस्, कुन दफाले रोक्यो? कानुनको अभावको नाममा गरिबको हक खोस्ने काम बन्द गर्नुपर्छ ।" साहले



२०४८ सालदेखि सुकुम्बासीको नाममा 'हुकुम्बासी'लाई जग्गा बाँड्ने परम्परा चलिरहेको आरोप लगाए । सरकारी तथ्यांकअनुसार ८९ हजार भूमिहीन मात्र जग्गा पाउन बाँकी रहँदा सरकारले नौं लाख निवेदन संकलन गर्नुको उद्देश्यप्रति पनि उनले शंका व्यक्त गरे । प्रधानमन्त्री केपी शर्मा ओलीलाई सीधै लक्षित गर्दै साहले भने,"तपाईंहरूको नियत गरिब सुकुम्बासीलाई दिनु होइन, भूमाफियालाई दिएर आफ्नो भूँडी भर्नु हो भने यस आयोगको नाम नै भूमाफिया आयोग राख्नुस् । भूमि विधेयकको नाम पनि बदल्दै भूमाफिया विधेयक भन्नुस् ।"उनको भनाइ अनुसार, सरकारले गरिबको हक सुनिश्चित गर्न होइन, उल्टै शक्तिशालीको पक्षमा कानुन बनाउन खोजेको स्पष्ट देखिएको छ ।

# भरत थापा सहित तीन जनालाई नदीजन्य पदार्थ हिनामिनामा ८ वर्ष कैद र करोडौं जरिवाना

*जनकपुर,२९ साउन ।*

सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापा, प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल र योजना शाखा प्रमुख सागर पौडेललाई विशेष अदालतले नदीजन्य पदार्थको अवैध उत्खननमार्फत रकम हिनामिना गरेको ठहर गर्दै जनही ८ वर्ष कैद सजाय र करोडौं जरिवाना तोकेको छ । विशेष अदालतका न्यायाधीश टेकनारायण कुँवर, मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले थापालाई मात्र १० करोड ९ लाख ७८ हजार २९९ रुपैयाँ १३ पैसा जरिवाना र ३० करोड २९ लाख ३४ हजार ८९७ रुपैयाँ ४० पैसाको बिगो तिर्न आदेश दिएको छ । साथै, ती तिनै जनाले पीडित राहत कोषमा जनही ४० लाख ३९ हजार १३१ रुपैयाँ ९७ पैसा क्षतिपूर्ति बुझाउनुपर्ने छ । अदालतको ठहरअनुसार, संघीय स्वीकृतिबिना



बागमती नगरपालिकामा माछा पोखरी निर्माणका नाममा ढुंगा, गिट्टी र बालुवा उत्खनन गरी ३० करोडभन्दा बढी रकम हिनामिना गरिएको थियो । यो मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७८ जेठ २९ गते दायर गरेको हो । यसअघि पनि थापा गैरकानुनी सम्पत्ति आर्जनको दोषी ठहर भई एक वर्ष कैद र तीन करोड ४५ लाख बढी जरिवाना पाइसकेका थिए । सो मुद्दामा बागमतीकी उपमेयर लीलाकुमारी मोक्तान, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समितिका तत्कालीन प्रमुख मेथुर चौधरीलाई प्रमाण अभावका कारण सफाइ दिइएको छ । यो फैसलालाई स्थानीय तहमा हुने भ्रष्टाचारविरुद्धको कडा सन्देशका रूपमा लिइएको छ, जसले आगामी दिनमा पारदर्शिता र जवाफदेहितामा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

# लोसपाका पूर्वमहामन्त्री देवेन्द्र यादव कांग्रेसमा प्रवेश

*काठमाडौं,२९ साउन ।*

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का पूर्वमहामन्त्री देवेन्द्रकुमार यादव नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवाले बिहीबार सानेपामा यादवलाई सदस्यता प्रदान गर्दै स्वागत गरेका हुन् । तत्कालीन सद्भावना पार्टीबाट राजपा हुँदै लोसपामा पुगेका यादव, राजपामा राजेन्द्र महतोको 'कोटा'बाट महामन्त्री बनेका थिए । महतो लोसपा छाडेपछि यादव केही समय निष्क्रिय



थिए । कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव र मधेस प्रदेश सभापति कृष्ण यादवको पहलमा उनको पार्टी प्रवेश सम्भव भएको हो । यादवलाई कांग्रेस केन्द्रीय सदस्य बनाउने तयारी भइरहेको सहमहामन्त्री महेन्द्र यादवले जानकारी दिए । "उहाँले नि:सर्त पार्टी प्रवेश गर्नुभएको छ । सम्मानसहित अघि बढाउने योजना छ," सहमहामन्त्री यादवले भने । उनका अनुसार मधेसका अन्य पाँच नेताको पनि कांग्रेस केन्द्रीय सदस्यमा प्रवेश गराउने तयारी भइरहेको छ । देवेन्द्र यादव पेशाले इन्जिनियर र व्यवसायी हुन् । राजपामा हुँदा उनले विदेश विभाग प्रमुखको जिम्मेवारी पनि सम्हालेका थिए ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा